ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY




होलीको रङ्गले पार्ने असर र ध्यान दिनुपर्ने कुरा

❑ वर्ष-९ ❑ अङ्क-४०, २०७४ फागुन १९ गते, शनिबार (March.3, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या: ६

# कानुन निर्माणमा जुट्यो प्रदेश २ को सरकार

फत्तेपुर / प्रदेश २ को सरकार कानुन निर्माणमा जुटेको छ। ३ फागुनमा गठन भएको सरकारले कानुनी जटिलताका कारण काम गर्न असहज भएपछि कानुन निर्माणलाई प्राथमिकतामा राखेको हो।

मन्त्रिपरिषद्को पहिलो बैठकले गरेको कार्यविभाजन नियमावली, कार्यसम्पादन नियमावली र सार्वजनिक लिखत प्रमाणीकरण नियमावली ऐनअनुसार सरकार सञ्चालन हुँदै आएको छ। सोमबार मन्त्रालयका सचिवहरूको बैठकले तत्काल आवश्यक कानुन बनाउने निर्णय गरेसँगै तयारी तीव्र पारिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुनसचिव पुष्कर सापकोटाले आवश्यक कानुनको पहिचान गरी सबै मन्त्रालयले कानुनको तयारी गर्ने निर्णय गरिएको बताए। बैठकले प्रत्येक मन्त्रालयमा सूचना अधिकारी र प्रवक्ता तोक्ने निर्णयसमेत गरेको थियो।

**कानुन निर्माणमा यसकारण ढिलाइ**

मन्त्रालय व्यवस्थापन नहुँदा कानुन निर्माणमा ढिलाइ भएको मुख्यमन्त्री तथा मन्त्रिपषिदका सचिव हरि फुयाँलले बताए। समयमै मन्त्रालय व्यवस्थापन नहुनु र केही मन्त्रालयका सचिवलगायत कर्मचारीहरू पनि समयमा हाजिर नहुँदा आवश्यक कानुन बनाउन नसकिएको उनले बताए। 'मन्त्रालयहरू व्यवस्थापन भइसकेको छ' उनले भने, 'अब हामी कानुन निर्माणमै केन्द्रित हुन्छौं।'

मुख्यमन्त्रीसहित तीन मन्त्रीले २ फागुनमा पद तथा गोपनीयताको शपथ लिएका थिए। सोही दिन बसेको मन्त्रिपरिषद् बैठकले मधेस आन्दोलनका सहिद परिवारलाई रोजगारी दिनेसहित विभिन्न पाँच निर्णय गरेको थियो। त्यसपछि अहिलेसम्म मन्त्रिपरिषद्को दोस्रो बैठक बसेको छैन।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय छलफलमै**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशस्तरीय उद्योग वाणिज्य संघ, पर्यटन व्यावसायी, तथा अवकाश प्राप्त वन प्राविधिक तथा वन विज्ञसँग छलफल गरी आगामी कार्ययोजनाको तयारीमा जुटेको जनाइएको छ। मन्त्रालयका सचिव मेघनाथ काफ्लेले भने, 'हामीले उहाँहरूसँग पहिलो चरणको छलफल गरिसकेका छौं, अब बृहत् रूपमा छलफल गरी कार्ययोजना निर्माण गर्छौं।'

**कृषि मन्त्रालयमा भेटघाट मात्र**

कृषि मन्त्रालयका सचिव डा. विजयचन्द्र झाले मन्त्रालयसँग सम्बन्धित कार्यालयसँग पहिलो चरणमा भेटघाट गरिरहेको बताए। कृषि मन्त्रालय विकासभन्दा सेवाप्रदायक बढी भएकाले सम्बन्धित निकायसँग छलफल गरी अगामी कार्ययोजना निर्माण गर्ने उनले बताए। सचिव झाले भने, 'निकट भविष्यमै पसलहरूमा दैनिक उपभोग्य वस्तुको अनुगमन तथा निरीक्षणका कार्य थाल्छौं।'

**बालविवाहविरुद्ध अभियान चलाउने**

सामाजिक विकास मन्त्रालयका सचिव किरण रुपाखेतीले तत्काल बालविवाहविरुद्ध अभियान चलाउने निर्णय गरिएको बताए। त्यसका साथै मन्त्रालयले अगामी कार्ययोजनाको विषयमा अन्तरिक तयारी थालेको उनको भनाइ छ।

स्रोत र साधनको पहिचान गर्दै भौतिक पूर्वाधार मन्त्रालय

भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले साधनस्रोतको पहिचान गरी कार्ययोजना तयारीमा जुटेको मन्त्रालयका उपसचिव रणधीर साहले बताए। अहिले संघीय सरकारले के गर्ने र प्रदेश सरकारले के गर्ने विषयमा कानुन बनिनसकेकाले मस्यौदा बनाउन नसकेको उनले बताए।

**प्राथमिकतामा रहेका कानुन**

प्रदेश सरकारले दैनिक कार्य सञ्चालनका लागि तत्काल आवश्यक कानुन निर्माणमा जोड दिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सचिव पुष्कर सापकोटाका अनुसार आर्थिक कार्यविधि, सार्वजनिक खरिद, कर र गैरराजस्व लगाउने, मुख्यमन्त्री, सभामुख, उपसभामुख, मन्त्री र राज्यमन्त्रीहरूको पारिश्रमिक तथा सेवासुविधासम्बन्धी कानुन, मुख्यन्यायाधिवक्ताको तलब तथा सेवासुविधासम्बन्धी कानुन प्राथमिकतामा रहेको उनले बताए।

त्यसैगरी, संविधानले प्रदेश सरकारलाई पनि शान्तिसुरक्षाको जिम्मेवारी दिएकोले प्रदेश प्रहरीसम्बन्धी कानुन पनि तत्काल बनाउने तयारी भइरहेको उनले

बाँकी अन्तिम पृष्ठमा

## चार मन्त्री र तीन राज्य मन्त्रीको सपथ-ग्रहण

# सप्तरीबाट शैलेन्द्र र नवलकिशोर मन्त्रि बने



शैलेन्द्र प्रसाद साह    रामनरेश राय    नवलकिशोर साह

सप्तरी / प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले बुधवार मन्त्री परिषदको विस्तार गरेका छन्।

दोस्रो पटक गरिएको मन्त्री परिषद विस्तारमा ४ मन्त्री र ३ जना राज्य मन्त्री परेका हुन। संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालबाट दुई-दुई जनाले एक समारोहका बीच मन्त्री पदको सपथ-ग्रहण गरेका छन्। यसैगरी राज्यमन्त्रीमा फोरमबाट ३ जनाले प्रदेश सभा सदस्यले सपथ-ग्रहण गरेका छन्।

मन्त्रीपदको सपथ लिनेहरुमा ज्ञानेन्द्र यादव, शैलेन्द्र प्रसाद साह, नवलकिशोर साह र राम नरेश राय रहेको सञ्चारकर्मी आतिश मिश्राले जानकारी दिएका छन्। प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले एक समारोहका बीच पद तथा गोपनियताको सपथ ग्रहण गराएका छन्। सपथ-ग्रहण समारोहमा मुख्यमन्त्री लालबाबु राउत, मन्त्रीद्वय विजय यादव र जितेन्द्र सोलनसहित विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका अधिकारीहरुको

बाँकी अन्तिम पृष्ठमा

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

**कानुन ....**

बताए । तत्काल प्रदेश सरकार सञ्चालनका लागि २२ वटा कानुन भनिए पनि अन्य धेरै कानुन बनाउनुपर्ने आवश्यकता रहेको सापकोटाले बताए ।

विधेयक बनाउँदै मन्त्रालय आगामी २५ फागुनमा बस्ने प्रदेश सभाको बैठकमा तीनवटा विधेयक पेस गर्ने तयारी सरकारको छ । अर्थ मामिला तथा योजना मन्त्रालयका तीनवटा विधेयक पेस हुने भएको छ । प्रदेश सरकारको आर्थिक कारोबारमा सहजता प्रदान गर्न आर्थिक कार्यविधि विधेयक, कर तथा गैरराजस्व लगाउने विधेयक र सार्वजनिक खरिद विधेयक पेस हुने सम्भावना रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सचिव पुष्कर सापकोटाले बताए ।

आर्थिक कार्यविधि विधेयकका लागि आन्तरिक तथा कानुन मन्त्रालयसँग सैद्धान्तिक राय लिइसकेको अर्थ तथा योजना मन्त्रालयका सचिव विष्णुकुमार केसीले बताए । बाँकी दुईवटा विधेयकको तयारी अन्तिम चरणमा रहेको उनले बताए । विधेयक तयार भएपछि चाँडै नै मन्त्रिपरिषद्मा पेस हुने उनले बताए । मन्त्रिपरिषद्ले निर्णय गरेपछि विधेयक प्रदेश सभाको बैठकमा पेस हुनेछ ।

**सप्तरीबाट ....**

उपस्थिति रहेको थियो ।

यसैगरी मुख्यमन्त्री राउतले बुधवारै राज्यमन्त्रीहरु सरोज कुमार सिंह, योगेन्द्र राय यादव र उषा यादवलाई सपथ ग्रहण गराएका छन् । फोरमबाट मन्त्रीमा सिफारिस भएका ज्ञानेन्द्र यादव आन्तरिक मामिला तथा कानून र शैलेन्द्र साहले भूमि सुधार कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी पाएका छन् । छन् ।

राजपाबाट सिफारिस भएका नवलकिशोर साह समाजिक विकास र राम नरेश रायले उद्योग, वन तथा पर्यटन मन्त्रालयको जिम्मेवारी पाएका छन् । राज्यमन्त्रीहरुमा सरोज सिंह आन्तरिक मामिला तथा कानून, उषा यादव अर्थ र योगेन्द्र राय यादव भूमि सुधार, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन् ।


## २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे( (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरु:

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स
सम्पर्क: ९८४२४०४८०४,



## सूचना

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहाँ पनि जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरौं, इञ्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिमप्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय सामग्री मात्र प्रयोग गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



## जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका
अन्नपूर्ण
कान्तिपुर
nagariknews
राजधानी
जनता टाइम्स्

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७



## सम्पूर्ण स्टेशनरी समान अब जनता बुक्स & स्टेशनरीमा





९८४२०९२१०७, ९८६३९०८७४९
सप्तकोशी नपा-१, फत्तेपुर


**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान **कार्यालय ठेगाना:** सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

# भारतको हेपाहा प्रवृत्तिप्रति मुकदर्शक नबनौ

भारतसँग नेपालको खुला सिमाना छ । दुवै देशका बासिन्दा निर्बाध एकअर्काका मुलुकमा आउनजान पाउछन् । खुल्ला सिमानासँगे यहाँ पुरानो जनस्तरको सम्बन्ध पनि छ । नेपाल सधैँ नै सार्वभौम स्वतन्त्र मुलुक रहेको छ । यसैले नेपालीहरू भारतीय शासकले पनि नेपालको स्वतन्त्रता र सार्वभौम सत्ताको सम्मान गर्ने अधिकार र अपेक्षा राख्छन् । दुर्भाग्य, भारतीय पक्षले भने सानातिना मामिलामा पनि नेपालीको चित्त दुख्नेगरी हेप्ने वा बलमिच्याइँ गर्दैआएको छ । यसले भने नेपालीहरुको मन दुखाउने गरेको छ ।

दार्चुलामा नेपाली भूमिमा नेपालको अनुमति नलिईकनै बाटो बनाउने काम गरिरहेको छ । सिमानामा नेपालको सहमति विना बाँध बाध्ने, पर्खाल लगाउने, पिलर सार्नेसम्मका काम भारतले गर्दै आएको छ । यसलाई भारतको हेपाहा प्रवृत्तिको उदाहरणको रुपमा लिन सकिन्छ ।

केही साता पहिले भारतीय सुरक्षाकर्मीले नेपालभित्र पसेर नेपाली नागरिकलाई अपहरणको शैलीमा पक्रेको र नेपालका सुरक्षाकर्मीले छुटाएको समाचार सार्वजनिक भएको थियो । सीमा स्तम्भ सारिएको वा नेपाली भूमिमा भारतीय पक्षले बल मिच्याइँ गरेकाजस्ता घटना त लेखाजोखा गरेरै सकिँदैन । हेपाइ र थिचोमिचो मित्रताको लक्षण मान्न सकिदैन् । भारतको यस्ता प्रवृति प्रति राज्य चनाखो हुनु पर्दछ ।

भारतको हेपाहा ब्यवहार र बलमिच्याइँको स्पष्ट शब्दमा विरोध गर्ने आँट नेपालले गर्नु पर्दछ । सानातिना घटना भन्दै यस्तो हेपाहा प्रवृत्तिलाई बेवास्ता गर्ने काम अव सरकारले गर्नु हुदैन् ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# प्रेम भावमा रङ्गीने पर्व हो होली

❑ धीरेन्द्र प्रेमर्षि

होली आनन्द र उत्साहको पर्व हो । मनभित्रका विभिन्न वैमनश्यलाई पखालेर आत्मीयताको न्यानोपनमा बाधिने पर्व हो होली । यो यहि रूपमा मनाइँदै आएको छ र मैले पनि यहि रूपमा नै मनाउँदै गरेको छु ।

हिन्दु सभ्यतामा मनाइने जति पनि चाडपर्वहरू छन् ती सबैको पृष्ठभूमीमा सामान्यतया केही किम्बदन्तीहरू जोडिएका हुन्छन् । त्यसमा असत्यमाथि सत्यको विजयको चर्चा गरिएको हुन्छ । यसमा भक्त प्रह्लादलाई उसका बाबु



हिराण्यकश्यपुले सत्यबाट जोगाउन खोज्दा पनि नसकेपछि आफ्नै बहिनी होलीकाको काखमा राखेर भस्म पार्न खोज्दा होलीका नै भस्म भई सत्यको विजय भएको कुरा हामीले किम्बदन्तीहरूमा पाउन सक्छौँ । यी र यस्ता विभिन्न कथाहरू जोडिएका हुन्छन् । खासमा भन्ने हो भने त्यसलाई सत्यतामा पगाल्ने संयन्त्रता हामीमा छैन । यी कथाहरू त हामीले विश्वास गर्दै आएका हौं । हेर्नुपर्ने के छ भने त्यसले समाजमा कस्तो प्रभाव पारिरहेको छ । समाजलाई एउटा सकारात्मक दिशातर्फ लैजाने क्रममा अलिखित प्रकृतिको प्रावधान समाजका ज्ञाताहरूले बनाएका हुन्छन् । त्यसै क्रममा यी चाडपर्वहरूले पनि यहि कुराको संकेत गरिरहेको हुन्छ । नराम्रो पक्षलाई पन्छाउने र राम्रो पक्षलाई अगाल्ने । यो पनि त्यसकै एउटा उपक्रम हो जस्तो मलाई लाग्छ । वर्षभरी हामी कामकाजमा लागिरहेका हुन्छौँ त्यसलाई छोडेर एक ठाउँमा बसेर एकआपसमा उल्लासका साथ रमाईलो गरौँ भन्ने सामान्यता मान्यता यही नै हो । मिथिलाको सर्न्दभमा भन्नुहुन्छ भने मिथिला कृषिप्रधान क्षेत्र भएकाले त्यहाँका मानिसहरू कहिले पनि खाली बस्दैनन् । कृषिकर्मबाट फुर्सद मिल्यो कि कुनै न कुनै चाडपर्वको बाहनामा त्यसलाई सक्रिय तुल्याइहाल्छन् । यो होली पर्व पनि त्यही किसिमको हो । महत्वपूर्ण कुरा त आत्मियताको कुरा छ, संगीतात्मक कुरा छ, त्यो सबैभन्दा पहिले मनभित्र रहेका मैलहरू छन्, पहिले शरीरमा रंग दल्ने र रंगसँगै मनको मैला पनि पखालेर लैजाने । त्यो उत्सवको रूपमा मनाईदै आइरहेको मैले महसुस गरेको छु ।

सबै ठाउँमा होलीको आ(आफ्नै महत्व छ । वास्तवमा भन्नुपर्दा यसलाई उल्लासकै रूपमा मनाइन्छ । पछिल्लो समय मैले मिथिलाको संस्कृतिलाई सुक्ष्म रूपमा हेर्ने प्रयास गर्दैछु । यस क्रममा मैले के देखे भने या पर्वमा उल्लास त छँदै छ अझ प्रेम, समाज सुधार, हामीले मान्दै आएका देवतालाई पूजा गरेर नै हामीले होली पर्वको सुरुवात गर्छौं । यस किसिमको आस्था र विश्वास रहेको छ । होली पर्व भनेको रंग लगाउने, भाङ धतुरो खाने पर्व मात्र नभई ठूलाको हातबाट टीका लगाएर आशिस लिने, प्रेम र सद्भावको पर्व पनि हो । यो एउटा सांगातीक पर्व पनि भएकाले मिथिलामा एकदम सभ्यताकासाथ वसन्त पञ्चमीदेखि नै होलीका गीतहरू गाउने गरिन्छ । त्यस गीतमा रामरमिताका कुराहरू भन्दा पनि जीवनभर भोगिने दुःख सुखका, अध्यात्म तथा धार्मिक कुराहरू पनि ल्याइन्छन् । त्यस्ता किसिमका गीतहरूले पनि वसन्त पञ्चमीदेखि फागुनसम्म विशेष महत्व पाएको हुन्छ भने घरआँगनमा गृहणीले जुन किसिमको गीतहरू गाउँछन् त्यस गीतले पनि माघ र फागुन महिनामा विशेष स्थान पाएका हुन्छन् । नवविवाहका गीतहरूमा पनि फागु गीत आएको हुन्छ । यस समयमा सम्पूर्ण मिथिला क्षेत्रमा फागुले गहिरो आत्मियताको रंग घोलेको हुन्छ ।

होलीको ऐतिहासिकता बारे यही नै हो भन्न सकिँदैन । हुन त माथि होलीकाको प्रसंग उल्लेख गरियो । भगवान रामचन्द्रजी ससुराली आउँदा खेलिने होली, कृष्णले गोपिनीहरूसँग खेल्ने होलीको चर्चा गरिन्छ । यहिँबाट नै होलीको सुरुवात भएको हो भनेर भन्न सकिदैन । हिराण्यकश्यपु र प्रह्लादको कथा नै सबैभन्दा बढी प्रचलित हो । समग्रमा भन्नुपर्दा यसलाई आत्मियताकै पर्वको रूपमा लिनुपर्ने हुन्छ ।

होलीका गीतहरू जीवनका कुनै पनि पाटोसँग अछुतो छैनन् । प्राय अध्यात्मसँग नै जोडिएको हुन्छ । जीवनमा भोग्ने जति पनि समस्या छन् तिनीहरूलाई समाधान गर्ने तर्फ पनि केन्द्रित छन् भने केही रमाइलोका लागि पनि गाउने प्रचलन छ तर त्यो पनि सस्तो मनोरञ्जनात्मक नै हो । पछिल्लो समयमा भोजपुरी भाषामा केही अश्शील प्रकृतिका गीतहरू बढि बन्न थालेको र त्यसले झन् प्राथमिकता पाउन थालेकोले त्यसको असर मिथिला क्षेत्रमा पनि देखिन्छ । सबै गस्तहरू अश्शील प्रकृतिका पनि



छैनन् । कतिपय होलीकै गीतहरू अति नै राम्रा पनि छन् । भोजपुरीको सांगीतिक परम्परा आफैमा समृद्ध छ तर पछिल्लो समयमा भोजपुरी गीत भन्नासाथ त्यसको नकारात्मक छवि मिथिला क्षेत्रमा पनि देखिदै आएको छ । सबैभन्दा ठूलो कुरा हो मंगलकामना । हुन त पर्वहरू व्यक्तिगत आनन्दका लागि मनाइन्छ तर आफ्नो लागि मात्र नभई आफू बस्ने गाउँ, समाज, छरछिमेकले पनि उन्मुक्तका साथ चाडपर्वहरू मनाउँछन् । जीवन भन्ने कुरा आज छ भोली नहुन पनि सक्छ । त्यसैले हामी जति बाँच्छौँ त्यस समयको सदुपयोग गर्यौं, प्रेम बाँडौं । घृणा पस्किने समय त जति पनि समय छ । प्रेम महत्वपूर्ण हो ।

मिथिला क्षेत्रमा गाइने जोगिरा, होलीका गीतहरू लोप नै त भइसकेको छैन तर कमी भने पक्कै आएको हो । कमी कसरी आएको छ भने जुन अविछिन्न परम्परा हुन्छ, त्यो परम्परालाई सामाजिक रहन सहनले सामाजिक व्यवस्थामा आएको परिवर्तनले असर पुर्याइ रहेको हुन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा माओवादी द्वन्द्वकालमा साँझमा बसेर गीत गाउन नै नसक्ने स्थिति बनाइदियो । त्यसले पनि अलिकति प्रभाव पारेको छ । जबसम्म मान्छे जुट्ने भएनन् तबसम्म गीत गाउने कुरै भएन । त्यसले धेरै हदसम्म बाधा पुर्यायो । अब मान्छेहरू कृषि कर्म छोडेर विदेश पलायन हुनेको संख्या दिनानुदिन बढिरहेको छ । यसले गर्दा गाउँमा सिर्जनशील युवाहरूको संख्या घट्दो क्रममा छ । गाउँमा बुढाबुढी मात्र भएकोले यस्ता गीतहरूलाई निरन्तरता दिन सकिरहेका छैनन् । यी दुईटा प्रमुख कारण हो । यस्ता विविध कारणहरू भएपनि सिर्जनशील मनहरू थाकेका छैनन् । अहिले पनि जिवित नै छ ।

होली मनाइने तरिकामा फरकपना त आए कै छ र यो स्वभाविक पनि हो । यो सांगीतक पर्व भएकाले गीतहरू त गाउँछन् तर आजभोली फिल्मका गीतहरूले ठाउँ पाउन थालेका छन् । फिल्मका गीत व्यापक भइसकेपछि एउटा प्रदेशबाट अर्को प्रदेशमा जान थालेका छन । पहिले जस्तो आफ्नै गाउँ ठाउँमा गरिने सिर्जनशील गीतहरू भने आजभोली हराउँदै गएको छ । अर्को कुरा के छ भने आजभोली होली भन्ने बित्तिकै खाने, रमाउने, होहल्ला गर्ने हो भन्ने मानसिकता पालेका हुन्छन् तर होली एकआपसमा प्रेम भावमा रंग मनाउने पर्व हो ।

# बच्चालाई स्तनपान गराउने वैज्ञानिक आसन




**सुभाषचन्द्र अर्याल**

आमा र बच्चाको सम्बन्ध गर्भावस्थादेखि नै हुन्छ। शिशुको बाँच्ने र स्वस्थ रहने सम्भावना बच्चा गर्भमा रहेदेखि नै बच्चा र आमालाइ गरिने स्याहार र आहारमा भर पर्छ। नवजात शिशुमा रोग प्रतिरोधात्मक शक्ति ज्यादै न्युन हुन्छ। आमाको दुधमा ल्याक्टोफोर्मिन, कार्बोहाइड्रेट, मिनरल्स, हर्मोन्स, एन्टिबायोटिक्स तथा लिम्फोसाइट्स पाइन्छ जसले बच्चामा रोग प्रतिरोधक क्षमता बढाउँछ। त्यसैले जन्मेदेखि नै आमाको पोसिलो दुध बच्चालाइ खुवाउनुपर्छ।

स्तनपानका क्रममा गरिने सानातिना गल्तिले बच्चामा ठूलै संक्रमण हुनसक्छ। स्तनपान गराउने आसन नमिल्दा तथा स्तनपान गराउन नजान्दा कहिलेकाहीँ दूध सर्किएर बच्चाको मृत्युसम्म पनि हुनसक्छ। त्यसैले स्तनपान गराउने आमाले थुप्रै कुरामा ध्यान पुर्‍याउनुपर्छ।

च्चालाइ स्तनपान गराउदा निम्न वैज्ञानिक आसनहरु अवलम्बन गर्न सकिन्छः

**कार्डल होल्ड**

यो पोजिसनमा दूध खुवाउँदा आमा ठाडो गरि कुर्ची वा खाटमा बस्ने र बच्चालाई आफूपट्टि फर्काएर आमाको पाखुराले बच्चाको टाउकोलाई आड दिएर राख्नुपर्छ।

**क्रस कार्डल होल्ड**

यो पोजिसनमा बच्चाको टाउकाको पछाडि कानभन्दा अलि तल आमाको हात राखेर बच्चालाइ कार्डल होल्ड पोजिसनमा जस्तै राखी आफूतर्फ फर्काएर स्तनपान गराइन्छ।

**फुटबल होल्ड**

यो पोजिसनमा पनि आमा ठाडो आसनमा बसि बच्चालाइ जुन दुध खुवाउने हो त्यही साइडको पाखुरामुनि च्यापेर बच्चाको टाउको आफूपट्टि र खुट्टा आफ्नो पछाडिपट्टि फर्काएर स्तनपान गराइन्छ।

**लेइड ब्याकर**

यो पोजिसनमा आमा आधा ढल्किएर बच्चालाई आफ्नो पेट वा पाखुराको आड दिएर स्तनपान गराइन्छ।

**आफूतर्फ पल्टिएर**

आमा बच्चातर्फ पल्टिएर आफ्नो हात बच्चाको टाउकोमा र पाखुराको तल्लो भागले बच्चालाइ आफूतर्फ फर्काएर स्तनपान गराइन्छ। यसरी बस्दा आमालाइ पछाडिबाट तकिया वा अन्य केहीको सपोर्ट दिनुपर्दछ।

स्तनपान गराउँदा आमाको खाली रहेको हातले आफ्नो स्तनलाई चित्रमा देखाएजस्तै ँऋ अथवा ँख अथवा ँग होल्ड गरेर राख्नुपर्छ। साथै आमाले बच्चालाइ सजिलो हुनेगरि आफूतर्फ फर्काएर टाउको र ज्यानलाइ पछाडिबाट सपोर्ट दिनुपर्दछ।

स्तनपान गराउँदा आमाले ध्यान दिनुपर्ने कुराहरु

स्तनलाई सधैं सुख्खा राख्नुपर्छ।

स्तनपान गराउनु अघि स्तन सफा गर्नुपर्छ।

स्तनपान गराउदा माथि उल्लेखित आसनमा बस्नु पर्दछ।

बच्चाले दुध नचुसेमा आमाले निचोरेर खुवाउनुपर्छ नत्र दुध गान्निएर पाक्न सक्छ दुध सेवनसंगै बच्चाले हावा पनि लिने हुँदा दुध सेवनपछि ढाडमा हल्का ढक्ढकाएर डकार गराउनु पर्छ। दैनिक रुपमा बच्चालाई १० देखि १५ पटकसम्म आमाको दूध सेवन गराउनु पर्छ।

विभिन्न संक्रमण हुनसक्ने हुँदा सकभर बोतलको दुध खुवाउनु हुँदैन।

बिनाहिच्चिकचाहट समय भएपछि सार्वजनिक स्थानमा पनि स्तनपान गराउनु पर्छ।

स्तनपान गराउने आमाले प्रशस्त मात्रामा पोसिलो तथा स्वस्थकर खानेकुरा खानुपर्छ।

साथै बच्चालाइ समयमै सबै खोप लगाउनु पर्छ।

६ महिनापछि बच्चालाई आमाको दूधका साथै अन्य पोषणयुक्त खानेकुरा जरुरत पर्ने हुँदा खाना, जाउलो, लगायत पोषणयुक्त खानेकुराहरु खुवाउनु पर्छ।

# होलीको रङले पार्ने असर र ध्यान दिनुपर्ने कुरा



होलीमा खेल्ने रङ तीन प्रकारका हुन्छन्। एउटा पेस्टमा आउँछ, एउटा धूलो हुन्छ र एउटा पानीमा मिसाएर लगाउने हुन्छ। पेस्ट विभिन्न रङमा उपलब्ध हुन्छ। यस्ता रङमा विभिन्न रसायन हुन्छ, जसले छालामा मात्र नभई आँखा र मिर्गौलामा समेत गम्भीर असर पार्छ।

धूलो रङमा मेटलहरु राखिएको हुन्छ। त्यो बाहेक काँचको टुक्रा, सिलिकन पनि मिसाइएको हुन्छ। यसले पनि छालाका साथै मिर्गौला र कलेजो तथा आँखामा असर गर्छ। यस्ता रङले लगाउनेबित्तिकै भन्दा पनि शरीरमा दीर्घकालीन असर पार्छ। खासगरी बच्चाहरुलाई बढी असर गर्छ। रङमा मिसिएका रसायनका कारण दम बढ्ने, मिर्गौला फेल हुने र क्यान्सरसम्म हुने खतरा रहन्छ।

पानीमा मिसाएर लगाउने रङ पनि प्राकृतिक र कृत्रिम हुन्छन्। अहिले बजारमा आउने रङ अधिकांश कृत्रिम छन्। यस्ता रङ विषालु हुने भएकाले मानव स्वास्थ्यसँगै वातावरणमा पनि असर गर्छन्। यी रङले छालामा मात्र नभई कपाल र नङहरुमा पनि असर पार्छन्। यस्तो रङले छाला पोल्ने, चहर्‍याउने, चिलाउने र सुन्निने समस्या निम्त्याउँछ। यस्तै, कपाल सुख्खा हुने र झर्ने समस्या पनि हुन्छ।

रातो रङमा 'मर्करी सल्फाइड' भन्ने रसायन हुन्छ। कालोमा 'लिड अक्साइड', हरियोमा 'कपर सल्फाइड' हुन्छ। यस्तै, अन्य रङमा पनि मानव स्वास्थ्यमा असर गर्ने रसायनहरु हुन्छन्। यी रङले नरम छाला भएका बच्चा र गर्भवतीलाई बढी सताउँछ। गर्भवतीको छालाभित्र रङ पस्यो भने बच्चा तुहिने, कम तौलको बच्चा जन्मने पनि हुन सक्छ। त्यसैले सकेसम्म टल्कने र चम्कने खालका रङ प्रयोग गर्नुहुँदैन।

होली खेल्नुअघि र खेलेपछि के-के कुरामा ध्यान दिने?

( कपालमा धेरै तेल लगाउने र कपाल राम्ररी बाँध्नुपर्छ।

मुखमा मोस्चराइजर तथा सन्स्क्रिन क्रिम लगाउने।

लामो समयसम्म रङ शरीरमा नराख्ने।

होली खेलिसकेपछि रङ निकाल्न छालामा बेस्सरी रगड्नु हुँदैन। त्यसैले रङ खेल्नुअघि नै शरीरमा तेल लगाएर जानु उपयुक्त हुन्छ। यसले गर्दा रसायनले छालामा असर गर्न पाउँदैन र रङ छिटो निकाल्न पनि सहयोग गर्छ।

रङ पखाल्न साबुनको प्रयोग गर्नुपर्छ।

छाला चिलाउन वा पोल्न थाल्यो र आँखामा रङ पस्यो भने चिकित्सकको सल्लाह लिनुपर्छ।

कतिपय केमिकलले नङ पाक्न पनि सक्छ। त्यसैले नेल पोलिस लगाउनुपर्छ।

( नुहाइसकेपछि पनि मोस्चराइज क्रिम लगाउनुपर्छ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आफन्त र परिवारको राम्रो सहयोग मिल्नेछ। स्वार्थी पार्टनर वा छिमेकीले झुटा मुद्धामा फसाउने छन्। होसीयार रहनु होला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आफन्तको दुःखद समाचार सुन्न पर्ने हुन्छ पेटमा केही समस्या रहनेछ। अनावश्यक खर्च हुने दिन छ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): विदेशिक क्षेत्रबाट राम्रो लाभ हुनेछ। आफन्त को सहयोग मिल्नेछ। अप्रिय समाचार सुन्नु पर्दा मनमा अशान्ती रहनेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): अधुरा कामहरु पुरा हुने छन्। नोकरीमा पदोन्नती हुनेछ। समाजबाट सम्मानित हुनुहुने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): विशिष्ट व्यक्ती संगको भेटघाटले अधुरा कार्यहरु पुरा हुनेछन्। नयाा कामका थालनी हुनेछ। नाम दाम र काम मिल्नेछ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) :शैक्षिक क्षेत्र अधुरो रहनेछ। पेटमा केही समस्या दखिनेछ। खानपानमा सजग रहनु होला।

**तुला** (रा,रि,रू,रे,रो,ता,ती,तु,ते): रमाईलो यात्रामा सहभागी हुने योग छ। भोज भतेरमा सामेल हुनुहुनेछ। बेलुकी पख भने स्वास्थ्यमा केही समस्या देखिएला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : मुद्धामामला पराजय व्यहोर्नु पर्नेछ। यात्रामा चोट पटक लाग्न सक्छ। चोरी लाग्ने सम्भावना रहेको छ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): आर्य आर्जन राम्रो हुनेछ। आफन्तको सहयोग मिल्नेछ। नोकरीमा भने अपजस लाग्न सक्छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो, गा,गी): आफन्तका सहयोगले गरेका कार्यबाट सन्तुष्टि मिल्नेछ। पैत्रिक सम्पतीमा विवाद हुन सक्छ। समय पर्खनु राम्रो।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): शत्रु पक्ष बलसाली रहनेछन्। आर्थिक कारोबारका लागि समय पर्खनु नै उत्तम हुनेछ। आफन्तका असहयोगले ठगीनु होला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय सामान्य खालको छ। स्वास्थ्य प्रतिकुलता आउन सक्छ। संगतको फल नराम्रो पर्न संभावना छ। आफू संयमित रहनु होला।

# पर्यटनको सम्भावना र समृद्धिका आधारहरू

संगीता रेग्मी

विश्वका हरेक देशका भौगोलिक बनोट, सांस्कृतिक अवस्था, हावा, पानी, खाना, जीवनशैली आदि आफ्नै प्रकारका हुन्छन् । एक देशको विभिन्न अवस्थासँग अर्को देशको समानता पाइँदैन । यस्तै प्रकारका आफ्नो विशिष्ट खालको पहिचान र अवस्था भएको रमाइलो देश नेपाल हो ।



नेपाल यस्तो मुलुक हो, जहाँ विश्वका जुनसुकै मुलुकबाट आएका पर्यटक एक पटक पाइला टेकेपछि उनीहरू यसलाई अन्तिम भ्रमण बनाउँदैनन् । नेपालमा पहिलो पटक आउने पर्यटकलाई प्रश्न गर्दा उनीहरूबाट प्रशंसनीय प्रतिक्रिया व्यक्त भएको पाइन्छ ।

पर्यटकहरू केवल घुम्न मात्र आएका हुँदैनन् त्यस ठाउँबाट उत्पादित वस्तुहरू चिनोको रूपमा पनि लैजान्छन् जसबाट ती पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा थप टेवा पुग्छ ।

मधेशको पर्यटन

यहाँ प्रदेश नम्बर २ को पर्यटनको चर्चा गरिएको छ । ८ वटा जिल्ला मिलेर बनेको प्रदेश २ पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तव्य स्थल हो । प्रदेश २ सामाजिक विविधता र जनसंख्याको घनत्व अधिक रहे पनि मानव विकास सूचकांकको आधारमा अन्य प्रदेशभन्दा निकै पछाडि रहेको छ ।

९,६६१ वर्ग किलोमिटरमा फैलिएको प्रदेश २ मा करिब ५४ लाख जनसंख्या रहेको छ । यस प्रदेशमा रहेका जनताको प्रतिव्यक्ति आम्दानी ९६७ डलर छ । यो अन्य प्रदेशको तुलनामा न्यून हो । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आम्दानी लगायतका क्षेत्रमा यो प्रदेश कमजोर छ ।

दुई नम्बर प्रदेश सामाजिक र आर्थिक पूर्वाधार विकासमा निकै कमजोर रहेको छ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार प्रदेश नम्बर २ मा गरिबी दर उच्च रहेको छ । प्रतिवेदनका अनुसार यो प्रदेशमा ४७.९ प्रतिशत गरिबी रहेको छ । गरिबी, बेरोजगारी र अशिक्षा यस प्रदेशका मुख्य समस्या हुन् ।

विभिन्न समस्याहरूको माझमा पनि प्रदेश २ मा मानवस्रोत, प्राकृतिक स्रोत, पर्यटकीय सम्भावना, कृषि, धार्मिक पर्यटनजस्ता थुप्रै सम्भावना छन् । त्यसैले यो प्रदेश साधन र स्रोतका हिसाबले धनी छ ।

प्रदेश २ को पर्सा पर्यटकीय सम्भावना बढी भएको जिल्ला हो । पर्सामा वन्यजन्तु आरक्ष छ । पर्सा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुलाई वन पर्यटनका रूपमा अघि बढाएर स्वदेशी तथा विदेशी पर्यटकलाई जंगल सफारी गराउने प्रचुर सम्भावना छ । वीरगन्जको घडिअर्वा पोखरी पर्यटकको मन लोभ्याउने अर्को आकर्षक पर्यटकीय स्थल हो ।

बाराको गढीमाई मन्दिर धार्मिक पर्यटनका लागि महत्वपूर्ण देवस्थल हो । यहाँको रतनपुर जंगल प्रमुख पर्यटकीय स्थल हो । रौतहटका शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर सुन्दर पर्यटकीय स्थलहरू हुन् । सर्लाहीका सागरनाथ, बाबाधाम, हरिहर महादेव पनि प्रमुख पर्यटकीय स्थल हुन् ।

उता महोत्तरीको जलेश्वरनाथ महादेव यस क्षेत्रकै प्रमुख धार्मिक स्थल हो । जलेश्वरनाथ महादेवस्थललाई मिथिलाको प्रवेशद्वार मानिन्छ । बानेश्वरनाथ महादेव बाबा, पडौलको कारिक बाबा, कञ्चनवन, वकुण्ड, गिरिजास्थान, मालिवारा, माईस्थान, सिद्धिनाथ मन्दिर, सोनामाई स्थान, टुटेश्वरनाथ महादेव, रौजा मजार, मंगलनाथ महादेव, मटिहानी आदि पर्यटकीय तथा धार्मिक स्थल हुन् ।

जनकपुरको रामजानकी मन्दिर विश्व प्रसिद्ध छ । यो विश्वकै हिन्दु धर्मावलम्बीका पवित्र तीर्थस्थल हो । यहाँको दुलहा(दुलही मन्दिर, जनक मन्दिर पनि आकर्षक पर्यटकीय स्थलहरू हुन् ।

जनकपुर कुण्डै कुण्डले भरिएको शहर पनि हो । धनुषसागर, गंगासागर, विहारकुण्ड, अग्निकुण्ड, ज्ञानकुप, अंगराज सरोवर, दशरथ सागर, गोरधोई, पापमोचन सर, छत्रधारिणी पोखरी, देवान पोखरी, डबरा पोखरी, पापमोचनीसर, पुण्यधन सर, वाल्मीकि सर, भुतही पोखरी, मुरलीसर, रामसागर, लक्ष्मणसर, सीताकुण्ड, सूर्यकुण्ड, विषहरा पोखरी, महाराज सागर, रुकमिणी सर, पार्वती सर, विडाल सरजस्ता धार्मिक स्थल जनकपुरमैं छन् । यो सहरको रामायणकालीन सभ्यताले पनि पर्यटनलाई लोभ्याउँछ ।

सिरहाको सलहेश फूलबारी, बालासुन्दरी भगवती, राजदेवी मन्दिर धार्मिक पर्यटनका केन्द्र हुन् । सप्तरीका छिन्नमस्ता, सखडेश्वरी भगवती चर्चित धार्मिक गन्तव्य हुन् ।

पर्सादेखि सप्तरीसम्म रहेका धार्मिक स्थलहरूलाई धार्मिक 'पर्यटन जोन'का रूपमा विकास गरे पर्यटक भित्र्याउन सकिने जानकारहरू बताउँछन् ।

यो प्रदेश चारवटा विमानस्थलले जोडिएको छ । राजधानी जोड्ने मुलुककै छोटो काठमाडौं(निजगढ द्रुतमार्ग र निजगढमा बन्न लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल यो प्रदेशको सबैभन्दा ठूलो सम्भावना हो । मुलुककै आर्थिक केन्द्र पथलैया( वीरगन्ज करिडोर जहाँ हजारभन्दा बढी उद्योग सञ्चालनमा रहेका छन् । मुलुककै आर्थिक केन्द्र वीरगन्ज भन्सार यही छ भने देशकै सबैभन्दा ठूलो चारकोशे झाडी पनि यही प्रदेशमा रहेको छ ।

यहाँ रहेको सम्भाव्यता बुझेर उपयोग गर्न सके र यस प्रदेशमा राज्यले थोरैमात्र मेहनत गर्न हो भने अन्य प्रदेशको तुलनामा प्रदेश २ बाट पर्यटन व्यवसायले बढी आम्दानी लिन सक्ने अवस्था छ । भौगोलिक सहजताले उद्योग, कलकारखानाका लागि यो प्रदेश उपयुक्त छ भने खेतीयोग्य जमिनको भरपुर उपयोग गर्न सके धनी प्रदेशको रूपमा उदाउन सक्ने प्रशस्त सम्भावना रहेको छ ।

संघीय व्यवस्थामा गएको नेपालमा अहिले यो व्यवस्था धान्ने गरी स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने बहस चुलिएको छ । खासगरी आर्थिक रूपमा आत्मनिर्भर नभइसकेका प्रदेश र स्थानीय तहलाई लामो समय केन्द्रले नै अनुदान दिर्नुपर्ने भए संघीयता नै नटिक्ने हो कि भन्ने आशंका पनि सुरू भएको छ । तर प्रदेश २ ले आफूसँग भएको पर्यटकीय प्रचूरतालाई पनि ध्यान दिने हो भने यसबाट मनग्गे लाभ र फाइदा लिन सक्छ ।

अब 'अतिथि देवो भव'को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ । अब हामीले पर्यटनको पनि संघीय संरचना तयार गर्न सक्नुपर्छ । यसमा जति ढिलाइ हुन्छ, क्षेत्रीय तथा विश्व प्रतिस्पर्धाबाट हामी त्यति नै पछि पर्न सक्छौं ।

# बुद्धिजिवी परिषद्को होलीको शुभकामना

राजविराज / प्रदेश २ मा वाम गठवन्धनसहितको सरकार गठन हुन सक्ने नेकपा (एमाले) स्थायी कमिटि सदस्य तथा प्रदेश २ का संसदीय दलका नेता सत्यनारायण मण्डलले बताएका छन् ।

नेपाल बुद्धिजिवी परिषद् सप्तरीले सोमबार राजविराजमा आयोजना गरेको 'होलीको शुभकामना, बधाइ तथा सम्मान कार्यक्रम' मा नेता मण्डलले प्रदेशको समृद्धि र विकासका लागि वाम गठवन्धनसहितको सरकार बनाउने प्रयास भइरहेको बताए ।

'आर्थिक रुपमा समृद्ध र विकसित बनाउन सबै पार्टीको सहकार्य आवश्यक छ,' नेता मण्डलले भने, 'त्यसको प्रारुपहरु सुरु भएको छ, सम्भवतः हामी पनि सरकारमा सहभागी हुन्छौं ।' सहमति र सहकार्यका लागि लामो समयदेखि दुई पक्षीय र त्रिपक्षीय छलफल भइरहेको जनाउँदै नेता मण्डलले भने, 'प्रदेश २ मा राजपा र फोरमका प्रदेश सांसदहरु नै अनुपस्थित भएर विश्वासको मत नपुग्ने अवस्थामा हामीले विश्वासको मत पनि दिएका छौं ।' मधेस र मधेसी जनताको पक्षमा कम्युनिष्ट पार्टी नै रहेको कुरा व्यवहारबाट जवाफ दिने उनले बताए ।

राष्ट्रियसभा सदस्य तथा एमाले केन्द्रीय सदस्य सुमनराज प्याकुरेलले केन्द्रमा फोरम(राजपा तथा प्रदेश २ मा वाम गठबन्धनसहितको सरकार गठनको प्रयास भइरहेको बताए । मधेसी जनता र सरकारबीच पुलको काम गर्ने बताएका उनले कामले मधेसको पक्षमा कम्युनिष्ट पार्टी रहेको पुष्टि गर्ने प्रतिबद्धता जनाए ।

पूर्व सिंचाई मन्त्री एवं माओवादी नेता उमेश यादवले नाकाबन्दीको समयमा के.पी. ओलीको नेतृत्वमा बनेको सरकारले मधेसका लागि दिएको पर्याप्त बजेटका कारण नै काँग्रेसको पालामा जिर्ण बनेका पूर्वाधार र संरचनाहरुको विकास निर्माण सुरु भएको बताए । प्रदेश २ को सरकारमा समेत बामपन्थीहरु सामेल हुने सम्भावना बढेको भन्दै यादवले सबै ठाउँ र सबै प्रदेशमा कम्युनिष्टको सशक्त र नेतृत्वदायी उपस्थितिले अन्य शक्तिहरु तर्सिएको बताए ।



परिषद्का अध्यक्ष भुपेन्द्रनारायण मण्डलको अध्यक्षतामा सम्पन्न सम्मान समारोहमा एमाले र माओवादीबाट निर्वाचितहरुलाई अबिर, माला र खादा ओढाएर सम्मान गरियो । सो समारोहमा नेता मण्डल, प्याकुरेल, प्रतिनिधि सभा सदस्य सरिता गिरी, प्रदेश सभा सदस्यहरु गोबिन्द न्यौपाने, रुबी कर्ण, प्रमिला यादव, कञ्चनरुप नगर प्रमुख बसन्त मिश्र, सप्तकोशी नगर प्रमुख उत्तम गौतम, उपप्रमुख आशा चौधरी र महिलामा निर्वाचित जिल्लाको एक मात्र वडा अध्यक्ष अग्नीसाइर कृष्ण सबरन ६ की कुसुमकुमारी आचार्यलाई सम्मान गरिएको थियो । कार्यक्रममा परिषद्का केन्द्रीय सदस्यहरु डा. कामानन्द देव, नथुनी दास, सचिव राजकुमार टरैत, आभासेतु सिंहलगायतकाले सफल र उपलब्धीमूलक कार्यकालका लागि शुभकामना दिए ।

# गायक उदितनारायण झा गृह जिल्ला सप्तरीमा



फत्तेपुर / चर्चित गायक उदीतनारायण झा करिब दुई दशकपछि आफ्नो जन्मस्थल सप्तरीको भारदह आएका छन् ।

झा संगै जेठी पत्नी रञ्जना झा पनि आएकी छिन् । झा करिब एक साता सप्तरी बस्ने परिबारिक श्रोतले जनाएको छ ।

झा गायन पेशामा लागेर लामो समयदेखि भारतमा बस्दै आए पनि उनका दाजुभाइ भारदहमै बसिरहेका छन् ।

बलिउडमा जमेपछि दीपा झासँग दोस्रो विवाह गरे लगत्तै जेठी पत्नी रञ्जनासँग उनको सम्बन्ध चिसिएको थियो । हाले दुबैको सम्बन्ध सुमधुर भएको पारिवारिक स्रोतले जनाएको छ ।

उनि खास एक सप्ताह बसेर सबै साथीभाईसँग भेटघाट गर्ने बताएका छन् । जन्मे हुर्केको ठाँउको अत्यन्त माया लागेको भन्दै आफ्नो गाँउमा धेरै दिनपछि आएकोमा खुशी निकै खुशि लागेको बताए ।

झा गाउँ आउनेबित्तिकै पहिला भारदहस्थित कंकालनी मन्दिरमा पूजा गरेका छन् ।

यस अघि झा आफ्नो मामा घर भारत बिहारको सुपौलमा केहि दिन आएर बसेका थिए । उनी नितान्त भेटघाँटका लागि कार्यक्षेत्र छोडर केहि दिनका आएका हुन् ।


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

**सम्पर्क स्थान**

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा




**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
०३१-५५०१०६,
९८०७७७३८९१,

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



## सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

**प्रो बिमल कुमार झा**
**छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका**
**१फत्तेपुर हटिया छिर्ने बाटो**



## सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१






## Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

